# सफलताको कथा

## “नागरिक सचेतना केन्द्रबाट सिकैचा ४ की मुकुम्लुङ नागरिक सचेतना केन्द्रका सदस्य पूर्ण माया लक्सम्बाको जीवनमा आएको परिवर्तन”

मेरो नाम ***पुर्ण माया लक्सम्बा*** हो , मेरो घर ताप्लेजुङ जिल्ला सिकैचा गाबिस वडा नं ४ मा पर्दछ । म अहिले ४५ बर्षकी भए म स्थानिय शासन तथा सामुदायिक बिकास कार्यक्रम अन्तरगत २०६९ साल देखि नागरिक सचेतना केन्द्रको सदस्य छु । यस कार्यक्रम अर्न्तगत लक्षित घरधुरी  छनौट गर्दा यस नागरिक सचेतना केन्द्रको सदस्य बन्ने अवसर पाए । सामाजिक परिवर्तनका लागी नागरिक सचेतना केन्द्रद्धारा संचालन गरिने रिफ्लेक्ट कक्षामा विगत दुई वर्ष देखि नियमित सहभागी हुदै आएकी छु ।

***नागरिक सचेतना केन्द्रमा आवद्ध हुनुभन्दा अगाडिको मेरो अवस्था :*** म एक निम्न वर्गीय मजदुर परिवारकी छु । अर्काको घरमा मजदुरी गरी ल्याएको रकमले परिवार चलाउन धाउधाउ हुने र परिवारिक अज्ञानताको कारण म आफु स्वयं आफ्नो श्रीमान र घर परिवारबाट पिडित थिए । बाहिर कतै जान नपाईने र आफ्नो हक अधिकारको  बारेमा कसै संग बोल्न नपाउने गरी घर परिवारले बन्देज लगाएको थियो ।

***नागरिक सचेतना केन्द्रमा आवद्ध भए पछि मेरो जीवनमा आएको परिवर्तन*** :नागरिक सचेतना केन्द्रमा सदस्य भए पछि केन्द्रबाट संचालन गरिने  रिफ्लेक्ट कक्षाका  चलाइने विभिन्न छलफल मध्ये महिला अधिकार अर्न्तगत हामी महिला कसरि पछाडी परेको छौ र आफुले पाउने हक अधिकारको निम्ति कसरी अगाडी बढ्ने भन्ने  छलफलले हामी जस्ता महिलाको  आँखा खुलेका छन् । हामीलाई थाहा भयो हामी आफ्नै कारणले गर्दा पछाडी परेको रहेछौ ।   जब म यस नागरिक सचेतना केन्द्रको सदस्य हुने अवसर पाए तत् पश्चात मेरो जीवनमा धेरै नै सुधार आएको छ । हाम्रो समुदायमा महिला अगाडि बढ्यो भने  पोथी बासेको राम्रो हुदैन भन्ने परंम्परागत धारणा बोकेको मानिसले नै अहिले आएर हरेक समुहमा मलाई महिलाको प्रतिनिधित्व राख्न थालेका छन् ।अहिले स साना समुह देखि लिएर विभिन्न सामुदायिक संस्थाको सदस्य सम्म भएकी छु पहिलाको तुलना गर्दा म  आफैलाइ धेरै नै परिबर्तन भएको ठान्दछु । मेरो घर परिवार र श्रीमान्ले  मलाई गाली गर्न छोडनु भएको छ। अहिले मलाई सभा ,बैठक, भेलामा भाग लिन घर परिवारबाट समेत सहयोग भएको छ ।अझ भन्नु पर्दा रिफ्लेक्ट कक्षामा छलफल भएको चुहिने गाग्रो बिश्लेषण बिधि पश्चात  हामी अनाश्वक रुपमा फजुल खर्च गरिरहेको रहेछौं भन्ने कुरा थाहा पाई सके मेरो जीवनमा महत्वपूर्ण परिबर्तन आयो ।छलफलबाट सिकेको पाठको अधारमा  १० बर्षे छोराको नाममा खुत्रुके बचत राखेकी छु र स्वयं आफुले स्थानिय सहकारीमा मासिक रुपमा रु. ५० रुपैया बचत गर्ने गरेको छु । सहकारीमा  बचत भएको रकमले गाउँमा नै  किराना पसल चलाएको छु ।  त्यही किराना पसलबाट आएको फाईदाले  घरपरिवार चलाउन मलाई सरल भएको छ । अहिले मेरो  किराना पसल पनि राम्ररी नै फस्टाएको छ । खुत्रुकेमा बचत गरेको रकमले स्थानिय सामुदायिक बिद्यालमा छोरालाई पढाई रहेको छु ।

**मेरो जीवन र  परिवारलाई नै परिबर्तन ल्याउने यो कार्यक्रमलाई धेरै धेरै धन्यबाद साथै स्थानिय शासन तथा सामुदायिक बिकास कार्यक्रम सधै रहि रहोस भन्न चाहन्छु ।**

# "डालो थुन्चे व्यवसायवाट निमजाङमु शेर्पाको परिवारमा आएको परिवर्तन"



ताप्लेजुङ्ग जिल्लाको पश्चिमी भूभागको लगभग ६१०० फीटको उचाइमा रहेको नाल्वु गा. वि.स.वडा नं. ८ मा रहेका नागी वस्तीमा वस्ने निमजाङमु शेर्पा नाल्वु गा.वि.स.मा गठन भई संचालनमा रहेका नागरिक सचेतना केन्द्रमा आवद्ध विपन्न परिवारका सदस्यकरु मध्येका एक विपन्न सदस्य छिन् । आर्थिक अवस्था अत्यन्त नाजुक भएको र पति नभएकोले सम्पुर्ण जिम्मेवारी आफुले व्यहोर्नु पर्दा आफ्नो वारीको काम वाहेक अरुकोमा खेताला गरेर कष्टका साथ जीविका चलाउदै आएका निज शेर्पाले २०६८ सालमा स्थानीय शासन तथा सामुदायिक शासनको सहयोगमा सञ्चालित सामाजिक परिचालन अन्तर्गत नाल्वु गा.वि.स. वडा नं.८ मा गठन भएको नागरिक सचेतना केन्द्रका सदस्य भई केन्द्रद्धारा संचालन भएका गातिविधिमा नियमित सहभागी हुदै आइरहेकीछिन् ।

एक दिन सामाजिक परिचालकको सहजीकरणमा नियमित संचालन हुने रिफ्लेक्ट कक्षामा नागरिक सचेतना केन्द्रमार्फत जीविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमले जिल्ला विकास समिति ताप्लेजुङ्गवाट रु एक लाख घुम्ती कोषको रुपमा केन्द्रका सदस्यहरुलाई जीविकोपार्जन कार्यक्रमको लागी ऋण परिचालन गर्न रकम उपलव्ध भएको थाहा पाए पछि घरमा दश जनाको परिवार रहेको एकल महिला शेर्पाले आफ्नो परिवारको जीवनयापनको लागी वाँसवाट डालो थुन्चे वनाई नजिकको वजारमा विक्री गरी आफ्नो परिवारको गुजारा चलाउने अठोट गरिन् र नागरिक सचेतना केन्द्रमा व्यवसाय संचालनका लागी ऋणको लागी निवेदन हालिन् । नागरिक सचेतना केन्द्रको व्यवस्थापन समितिले जीविकोपार्जन सुधार कार्यक्रम कार्यान्वयन निर्देशिका अनुसार निजलाई अति विपन्न सदस्यको वर्गीकरण र व्यावसायिक योजनाको आधारमा वार्षिक ६ प्रतिशत व्याज दरमा रु वीस हजार ऋण स्वीकृत गर्ने निर्णय गर्यो ।

उनले सो रकमले छोराहरुको सहयोगमा आफै बाँसको चोया बनाई डालो र थुन्चे निर्माण गर्न शुरु गरिन् । शुरुमा थोरै मात्र डालो थुन्चे निर्माण गर्दै बेच्दै गरिन् । विस्तारै ऊनको डालो, थुन्चेको प्रचार हुँदै जाँदा डालो थुन्चेको माग पनि बढ्दै गयो । सोही अनुसार ऊनले निर्माणको मात्रा पनि बढाउदै लगिन् । हिजो आज उनले बनाएको डालो थुन्चे स्थानीय गाउं देखि लिएर स्थानीय हाट वजार सक्रान्ती वजार, रामदुवाली वजार विक्री हुन थालेको छ ।

हाल उक्त व्यवसायवाट मासिक आम्दानी लगभग ९/१० हजार सम्म हुनेगर्छ । डालो,थुन्चे निर्माण व्यवसायवाट भएको आम्दानीले उनलाई आफ्नो परिवारका आधारभूत आवश्यकताहरु परिपूर्ती गर्न सफल भएकी छिन साथै नागरिक सचेतना केन्द्रवाट लिएको ऋणको प्रथम किश्ता रकम रु.१०,००० र व्याज वापतको रकम मिति २०७२/४/२५ मा बुझाईसकेकी छन् भने उनी केही रकम वचत पनि गर्न सक्ने भएकी छिन् ।

उनी नियमित रुपमा नासकेको साप्ताहिक बैठकमा जाने गर्छिन् । त्यहाँ हुने तत्कालिन समस्या र आवश्यकता आधारित विभिन्न विषयको रिफ्लेक्ट विधिमा आधारित छलफलमा सहभागी हुने गर्छिन् । उनी भन्छिन् " नागरिक सचेतना केन्द्रमा आबद्ध भएपछि आफ्नो अधिकार काम,कर्तव्य, सामाजिक संस्कार, राज्यवाट प्राप्त सुविधा, विकास निर्माण आदि वारे धेरै कुरा बुझ्न सक्ने भएँ । यहि व्यवसायलाई विस्तार गर्दै लाने उनको योजना रहेको छ । यसको लागि नासकेवाट सीप तथा क्षमता विकासका साथै नियमित ऋणको व्यवस्था हुनु पर्ने कुरा गर्नुहुन्छ ।

निज शेर्पाको सफलतावाट अरु सदस्यहरुले पनि नागरिक सचेतना केन्द्रवाट ऋण लिई व्यवसाय गरी स्व रोजगार वन्न उत्साहित भएका छन् ।

**निष्कर्ष**: ऋणको उचित सदूपयोग, लगनशील, इमान्दार र धैर्यतापुर्वक उद्यम गरे सानो व्यवसायवाट पनि गरिवी न्यूनिकरण गर्न सकिने उदाहरण निज शेर्पाको लगनशीलतावाट प्रमाणित भएको छ ।

रवीन्द्र नाथ श्रीवास्तव
जिल्ला शासन विज्ञ
ताप्लेजुङ्ग

*(उधमी,सामाजिक परिचालक तथा ना.स.के.को सदस्यहरुसंगको छलफलको आधारमा तयार गरिएको सफलताको कथा )*